# अर्थ बुलेटिन

वर्ष ३ अंक २ 　　　　　　　　　　 भदौ, २०७८


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०७८/७९ को भदौसम्ममा संघीय सरकारको कुल खर्चमा ४०.६ प्रतिशतले वृद्धि भएको छ। यस अवधिको राजस्व परिचालन पनि उल्लेख्य वृद्धि भएको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा गत आर्थिक वर्षको तुलनामा ४७.३ प्रतिशतले कमी आएको छ।
- कुल वस्तु निकासीमा ११५.४ प्रतिशतको उच्च वृद्धि भएको छ भने कुल वस्तु पैठारी ७५.९ प्रतिशतले वृद्धि भएको छ। कुल वस्तु व्यापारमा निर्यातको अंश वृद्धि भएको छ तथापि पैठारी व्यापारको आकार ठूलो भएको कारण व्यापार घाटा ७०.८ प्रतिशतले वृद्धि भएको छ।
- विप्रेषण आप्रवाहमा ६.३ प्रतिशतले कमी आएको छ। चालु खाता घाटा वृद्धि भएको छ। शोधनान्तर स्थिति घाटामा छ। साथै विदेशी मुद्रा सञ्चितिमा समेत कमी आएको छ। समग्रमा बाह्य क्षेत्रका परिसूचकहरुमा सामान्य उतारचढाव देखिएको छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७८/७९ को भदौ महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ६३ अर्ब ९५ करोडको तुलनामा ४०.६ प्रतिशतले वृद्धि भई रु. ८९ अर्ब ९४ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु. ५८ अर्ब ५९ करोड, पूँजीगत खर्च २ अर्ब ६१ करोड र वित्तीय व्यवस्था तर्फ रु. २८ अर्ब ७३ करोड रहेको छ। यस अवधिको चालु र पूँजीगत खर्चमा क्रमशः ०.५ प्रतिशत र २५.३ प्रतिशतले कमी भएको छ भने वित्तीय व्यवस्था तर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको भदौ महिनाको खर्चको स्थिति (रु. करोडमा)**

| क.सं./ आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/८९ |
|---|---|---|---|---|---|
| चालु | ११,९१७.९० | ९,६१६.२० | ५,३६७.८० | ५८८८.०० | ५८५९.४८ |
| पूँजीगत | ४२७.१ | ५७६.४ | ५१३.४ | ३४९.४१ | २६०.८७ |
| वित्तीय व्यवस्था | ८२.३ | ११८.४ | ५९.३ | १५७.२८ | २८७३.२३ |
| **कुल** | **१२,४२७.३०** | **१०,३११.००** | **५,९४०.५०** | **६३९४.६९** | **८,९९३.५८** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको भदौसम्मको कुल संघीय सरकारी खर्चमा श्रावण र भदौ महिनाको खर्च प्रतिशत क्रमशः १६.० प्रतिशत र ८४.० प्रतिशत रहेको छ ।

**तालिका (ख): चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| श्रावण | ९५५.७५ | ९३.५ | ० | १०४९.२५ | ०.१६३ |
| भदौ | ४९०३.७३ | १६७.३७ | २८७३.२३ | ७९४४.३३ | ०.८३७ |
| जम्मा | ५८५९.४८ | २६०.८७ | २८७३.२३ | ८९९३.५८ | १ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

### राजस्व परिचालन

३. आर्थिक वर्ष २०७८/७९ को भदौ महिनासम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. १ खर्ब ५ अर्ब ३९ करोडको तुलनामा ६०.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ६८ अर्ब ५८ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रु. १ खर्ब ४८ अर्ब ५६ करोड र गैरकर राजस्व रु. २ अर्ब २ करोड रहेको छ। साथै यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. १ खर्ब ८४ अर्ब ७४ करोड सङ्कलन भएको छ।

**तालिका (ग): पछिल्लो ५ वर्षको भदौ महिनाको राजस्व परिचालनको स्थिति (रू. करोडमा)**

| क.सं./ आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/८९ |
|---|---|---|---|---|---|
| कर | ८२६१.८० | १०७५५.६० | ११९६३.०३ | १०१५१.६७ | १४८५६.०० |
| गैरकर | ५५६.१६ | १०८४.८६ | ६५८.६२ | ३८६.४१ | २००१.७६ |
| **जम्मा** | **८८१७.२३** | **११८४०.४६** | **१२६२१.६५** | **१०५३८.०८** | **१६८५७.७६** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

**तालिका (घ): राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)**


| कर शीर्षक | आ.व.२०७८/७९ वार्षिक लक्ष्य | आ.ब.२०७७/७८ को असुली | आ.व.२०७८/७९ को लक्ष्य र असूली | | असुली प्रतिशत | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| | | भदौसम्मको सङ्कलन | भदौसम्मको सङ्कलन | भदौसम्मको लक्ष्य | | |
| **भन्सार महशुल** | **२७,२६२.०५** | **२,२७४.१३** | **४,००१.८७** | **३,७३४.६९** | **१०७.२** | **७६.०** |
| **मूल्य अभिबृद्धि कर** | **३०,५५८.६८** | **३,८७५.३३** | **४,९९४.५६** | **४,३३७.७५** | **११५.१** | **२८.९** |
| उत्पादन, बिक्री, सेवा | १३,१३२.३५ | २,०९०.८८ | १,९१८.०७ | १,८९८.०७ | १०१.१ | (८.३) |
| पैठारी | १७,४२६.३३ | १,७८४.४५ | ३,०७६.५० | २,४३९.६९ | १२६.१ | ७२.४ |
| **अन्त:शुल्क** | **१७,२५७.३५** | **१,५२१.२२** | **२,५७६.५४** | **२,१४८.८२** | **११९.९** | **६९.४** |
| आन्तरिक उत्पादन | १०,४०८.०९ | १,०५०.६५ | १,४००.१० | १,१२१.११ | १२४.९ | ३३.३ |
| पैठारी | ६,८४९.२६ | ४७०.५७ | १,१७६.४४ | १,०२७.७२ | ११४.५ | १५०.० |
| **शिक्षा सेवा शुल्क** | **९८.५२** | **४.०६** | **९.०९** | **१७.२५** | **५२.७** | **१२३.८** |
| **आयकर** | **२८,६४२.७८** | **२,४७६.९२** | **३,२७३.९४** | **२,८१४.९४** | **११६.३** | **३२.२** |
| आयकर | २५,३१९.३८ | १,९११.०१ | २,७००.९५ | २,१२०.२८ | १२७.४ | ४१.३ |
| ब्याज कर | ३,३२३.४० | ५६५.९१ | ५७२.९९ | ६९४.६६ | ८२.५ | १.३ |
| **कर राजस्व जम्मा** | **१०३,८१९.३८** | **१०,१५१.६७** | **१४,८५६.०१** | **१३,०५३.४५** | **११३.८** | **४६.३** |
| **गैर कर जम्मा** | **११,३४०.६७** | **३८६.४१** | **२,००१.७७** | **१,२३०.४६** | **१६२.७** | **४१८.०** |
| **कूल राजस्व** | **११५,१६०.०५** | **१०,५३८.०८** | **१६,८५७.७७** | **१४,२८३.९२** | **११८.०** | **६०.०** |
| **अन्य प्रासि** | **-** | **१,११५.५७** | **१,६१६.६९** | **-** | **-** | **४४.९** |
| **जम्मा राजस्व/प्रासि** | **११५,१६०.०५** | **११,६५३.६५** | **१८,४७४.४६** | **१४,२८३.९२** | **१२९.३** | **५८.५** |

स्रोत: अर्थ मन्त्रालय।


४. चालु आर्थिक वर्षको भदौसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा कमी आएको छ भने अन्य सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ।

५. चालु आर्थिक वर्षको भदौ सम्म सम्पूर्ण शीर्षकको राजस्व सङ्कलन लक्ष्यको तुलनामा बढी असुली भएको छ।

**चार्ट (क): पछिल्लो २ वर्षको भदौ महिनासम्मको राजस्व सङ्कलनको संरचना**





**आ.व. २०७७/७८**




**आ.व. २०७८/७९**

६. चालु आर्थिक वर्षको पहिलो दुई महिनाको कुल राजस्वमा भन्सार महशुल, अन्तशुल्क र गैर करको हिस्सा वृद्धि भएको छ भने आयकर र मुल्य अभिवृद्धि करको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो ५ वर्षको पहिलो २ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

७. पछिल्लो पाँच आर्थिक वर्षको पहिलो दुई महिनामा राजस्व परिचालनमा सामान्य उतारचढाव देखिएको छ। आर्थिक वर्ष २०७७/७८ को पहिलो दुई महिनामा १६.५ प्रतिशतले ऋणात्मक भएको राजस्व वृद्धिदर चालु आर्थिक वर्षको सोही अवधिमा उल्लेख्य वृद्धि भई ६०.० प्रतिशत पुगेको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो दुई महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ९० अर्ब ६० करोडको तुलनामा ६४.१ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४९ अर्ब ३९ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. १४ अर्ब ७८ करोडको तुलनामा २३.१ प्रतिशतले वृद्धि भई रू. १९ अर्ब १८ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०७८ भदौसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ४२ लाख २६ हजार ५४ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता करदाता २५ लाख ७२ हजार ७ सय ३६ (६०.९ प्रतिशत), व्यवसायिक स्थायी लेखा नम्बर लिने १६ लाख ४२ हजार २ सय ९४ (३८.९ प्रतिशत), र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ११ हजार २४ (०.३ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ७७ हजार ५ सय ३८ र अन्त:शुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १२ हजार ३ सय ८५ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७८ असारसम्म | २०७७ भदौ | २०७८ भदौ | भदौसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १५८०३८० | २५,२८२ | ६१,९१४ | १,६४२,२९४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ९९९८ | ५४२ | १,०२६ | ११,०२४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | २४७५७५३ | ७३,७६२ | ९६,९८३ | २,५७२,७३६ |
| **जम्मा स्थायी लेखा नम्बर** | ४,०६६,१३१ | ९९,५८६ | १५९,९२३ | ४,२२६,०५४ |
| मूकर.अ. | २६९५०५ | ५,५६७ | ८,०३३ | २७७,५३८ |
| अन्तः शुल्क | १०६४३४ | ३,५९२ | ५,९५१ | ११२,३८५ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०७८/७९ को पहिलो दुई महिनामा वैदेशिक सहायता प्रतिवद्धतामा गत आर्थिक वर्षको तुलनामा ४७.३ प्रतिशतले कमी आई रु. ४४ अर्ब ३२ करोड रहेको छ। यसमध्ये अनुदान सहायता रु.५ अर्ब ८१ करोड र ऋण सहायता रु. ३८ अर्ब ५१ करोड रहेको छ। वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १३.१ प्रतिशत र ८६.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सहायता रकम रु. ८४ अर्ब ७ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये एशियाली विकास बैंक र विश्व बैंकबाट क्रमशः ४५.८ प्रतिशत ४२.४ प्रतिशत प्राप्त भएको छ।

१२. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार एवम् सोसँग सम्बन्धित पूर्वाधार निर्माणको र सबैभन्दा कम खानेपानी तथा सरसफाइ क्षेत्रमा प्राप्त भएको छ।

**तालिका (च): आर्थिक वर्ष २०७८/७९ को पहिलो दुई महिनासम्मको क्षेत्रगत विकास सहायता प्रतिवद्धताको अवस्था (रु करोडमा)**

| क्षेत्र | अनुदान | ऋण | कुल | प्रतिशतमा |
|---|---|---|---|---|
| शिक्षा | १८७.६२ | १२९२.९५ | १४८०.५७ | ३३.४ |
| खानेपानी तथा सरसफाई | ५९.६६ | ०.०० | ५९.६६ | १.३ |
| कोभिड | ०.०० | १९६९.७७ | १९६९.७७ | ४४.४ |
| स्वास्थ्य | ०.०० | ५८७.९५ | ५८७.९५ | १३.३ |
| वन तथा वातावरण | ३३३.९४ | ०.०० | ३३३.९४ | ७.५ |
| कुल | **५८१.२१** | **३८५०.६७** | **४४३१.८८** | **१००** |

स्रोतः अर्थ मन्त्रालय

१३. आर्थिक वर्ष २०७८/७९ को भदौ महिनासम्म वैदेशिक सहायता प्राप्त भएको छैन।

## वित्तीय क्षेत्र

१४. २०७८ भदौ मसान्तमा कुल लगानीमा निष्कृय कर्जाको अनुपात १.४८ प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ८.२५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १.८९ प्रतिशत र ६.६१ प्रतिशत रहेको थियो।

**तालिका (छ): पहिलो दुई महिनाका वित्तीय परिसूचकहरु**

| वित्तीय सूचक | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | ९६.८९ | १०५.१३ | ११०.६१ |
| कुल कर्जा | ८५.९३ | ८७.३५ | १०२.१० |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | १.५२ | १.८९ | १.४८ |
| विपन्न क्षेत्र कर्जा | ६.५६ | ६.६१ | ८.२५ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १६८ | १४९ | १३२ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ८९७० | ९८५१ | १०८८२ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह | ७३९ | ७४७ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २७८.७ | ३२४.५ | ३७७.७ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.४ | १५.४ | १७.० |
| एटिएम (सङ्ख्यामा) | ३३१६ | ४१०६ | ४,३४० |
| **भारित औसत ब्याजदर** | | | |
| निक्षेप | ६.८० | ५.६१ | ४.९२ |
| कर्जा | ११.९७ | १०.१८ | ८.५७ |

स्रोतः नेपाल राष्ट्र बैंक

१५. २०७८ भदौसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ। २०७७ भदौसम्ममा ७४७ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको थियो।

१६. २०७७ भदौ मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १४९ रहेकोमा गाभिने प्रकृया मार्फत् २०७८ भदौमसान्तमा वित्तीय संस्थामा कमी आई १४३ कायम भएको छ। २०७७ भदौ मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९, ८५१ रहेकोमा २०७८ भदौमसान्तमा शाखा सङ्ख्या १०,८८२ पुगेको छ।

१७. यस अवधिमा निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ४.९२ प्रतिशत र ८.५७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त ब्याजदर क्रमश ५.६१ प्रतिशत र १०.१८ प्रतिशत रहेको थियो।

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको भदौ महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.४ प्रतिशतले वृद्धि भई ९२ लाख ६९ हजार ३ सय ५२ पुगेको छ। जसमध्ये जीवन बीमालेख (वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमा लेखको हिस्सा क्रमशः ९४.९ प्रतिशत र ५.१ प्रतिशत रहेको छ। अघिल्लो वर्षको भदौ महिनासम्म उक्त हिस्सा क्रमशः ९४.८ प्रतिशत र ५.२ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको सोही अवधिमा वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा ३०.६३ प्रतिशतले कमी आएको छ।

१९. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३४.२ प्रतिशतले वृद्धि भई रू. ३४ अर्ब ५३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त रकम रू. २५ अर्ब ७३ करोड रहेको थियो।


२०. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा अघिल्लो आर्थिक वर्ष जस्तै क्रमशः ८१.५ प्रतिशत र १८.५ प्रतिशत रहेको छ।

२१. चालु आर्थिक वर्षको भदौ महिनासम्म जारी भएको वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या २७.५ प्रतिशत पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ५.२ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२२. २०७७ भदौ मसान्तमा १५४१.४ विन्दुमा रहेको नेप्से सूचकांक २०७८ भदौ मसान्तमा २८१२.२६ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ९२.१ प्रतिशतले वृद्धि भई रु. ३९ खर्ब ३५ अर्ब ७४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. २० खर्ब ४९ अर्ब २८ करोड रहेको थियो।


चार्ट (ग): पछिल्लो ५ वर्षको भदौ मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२३. २०७८ भदौ १ गते ३१६०.३२ विन्दुमा रहेको नेप्से सूचकाङ्क भदौ २ गते महिनाकै उच्च विन्दु ३१९९.०३ मा पुगी क्रमशः ओरालो लाग्दै कारोवार भएको अन्तिम दिन भदौ ३१ गते २८१२.२६ विन्दु कायम भएको छ।

चार्ट (घ): २०७८ भदौ महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२४. २०७८ भदौ मसान्तमा वार्षिक औसत मुद्रास्फिति ३.४९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ४.५२ प्रतिशत रहेको थियो।

२५. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति २.५७ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.२२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ६.९१ प्रतिशत र २.६८ प्रतिशत रहेको थियो ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

२६. आर्थिक वर्ष २०७८/७९ को पहिलो दुई महिनामा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११५.४ प्रतिशतको उच्च वृद्धि भई रु. ४४ अर्ब ४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रु. २० अर्ब ४४ करोड रहेको थियो। यस अवधिमा प्रशोधित पाम तेल र सूर्यमुखीको प्रशोधित तेलको निर्यात उल्लेख्य वृद्धि भएको छ। साथै, भटमासको प्रशोधित तेल, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासीमा समेत उच्च वृद्धि भएको छ। यस अवधिमा अलैंचीको निकासी भने ४.६ प्रतिशतले घटेको छ।

तालिका (ज): भदौ महिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)

| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ५४७.९३ | १६४८.१५ | २००.८ |
| प्रशोधित पाम तेल | ०.०४ | ७५०.६१ | - |
| सेन्थेटिक यार्न | १२९.१५ | २१५.४५ | ६६.८ |
| उनी गलैंचा कार्पेट | १३२.७८ | १५२.६४ | १५.० |
| सुर्यमुखिको प्रशोधित तेल | ७.३४ | १४५.८९ | १८८७.६ |
| जुटका बुनिएका कपडा | ६५.४१ | १४४.१२ | १२०.३ |
| तयारी कपडा | ९३.३३ | १३६.१६ | ४५.९ |
| जमोठ कपडा | ७४.४८ | ११३.४८ | ५२.४ |
| फलफुलको जुस | ५२.८९ | ९४.१२ | ७८.० |
| अलैची | ९६.०७ | ९१.६७ | -४.६ |
| अन्य | ८४४.७४ | ९११.६७ | ७.९ |
| **जम्मा** | २,०४४.१६ | ४,४०३.९६ | ११५.४ |

स्रोतः भन्सार विभाग ।

२७. यस अवधिको कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ८२.१ प्रतिशत, ०.४ प्रतिशत र १७.५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो निकासी क्रमशः ७०.६ प्रतिशत, ०.६ प्रतिशत र २८.८ प्रतिशत रहेको थियो।

२८. यस अवधिमा भारत तर्फ भएको निकासीमा १५०.७ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फ भएको निकासीमा २०.७ प्रतिशतले वृद्धि भएको छ।

## वस्तु पैठारी

२९. चालु आर्थिक वर्ष २०७८/७९ को भदौ महिनासम्म कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७५.९ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब १४ अर्ब ५२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रु. १ खर्ब ७८ अर्ब ८४ करोड रहेको थियो।

३०. यस अवधिको को कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फको पैठारीको अंश क्रमशः ५९.६ प्रतिशत, १३.६ प्रतिशत र २६.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६६.९ प्रतिशत, १३.६ प्रतिशत र १९.५ प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारत तर्फको पैठारीमा ५६.७ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको पैठारीमा ७६.२ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (झ): भदौ महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरु (मूल्य रु. करोडमा)**


| वस्तु | २०७७/७८ | २०७८/७९ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल कच्चा | ५७५.७७ | १५६०.०८ | १७१.० |
| डिजेल | ५०५.५८ | १३९६.२९ | १७६.२ |
| एम.एस.विलेट | ५५७.४ | १०५४.५२ | ८९.२ |
| मोवाइल टेलिफोन | ७९४.२५ | १०३६.३६ | ३०.५ |
| पेट्रोल | ३४०.६४ | ८५५.२६ | १५१.१ |
| सुन | ३७.१६ | ८३८.०४ | २१५५.२ |
| एल पि ग्यास | ४१७.८३ | ७९९.२९ | ९१.३ |
| चाँदी | २६.२६ | ७९०.१३ | २९०८.९ |
| कच्चा पाम तेल | ८९.८३ | ६४५.२७ | ६१८.३ |
| एच.आर.सिट | ३५९.०९ | ६०६.७७ | ६९.० |
| अन्य | १४,१८०.४८ | २१,८६९.५६ | ५४.२ |
| **जम्मा** | **१७,८८४.२९** | **३१,४५१.५७** | **७५.९** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३२. आर्थिक वर्ष २०७८/८९ को भदौ महिनासम्म कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७०.८ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ७० अर्ब ४८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रु. १ खर्ब ५८ अर्ब ४० करोड थियो।

**चार्ट (ङ): पछिल्लो ५ आर्थिक वर्षको भदौ महिनासम्मको व्यापार घाटाको स्थिति (रु अर्बमा)**





स्रोतः भन्सार विभाग

३३. विगत पाँच आर्थिक वर्षको भदौ महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को भदौ महिनासम्मको व्यापार घाटा केही सुधार भएको भए तापनि अन्य आर्थिक वर्षमा यस्तो घाटा वृद्धि भएको छ। चालु आर्थिक वर्षको भदौसम्म व्यापार घाटा ७०.८ प्रतिशतले वृद्धि भएको छ।

३४. यस अवधिको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः १२.३ प्रतिशत र ८७.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः १०.३ प्रतिशत र ८९.७ प्रतिशत रहेको थियो।

**चार्ट (च): पछिल्लो ५ वर्षको भदौ महिनासम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

## सेवा व्यापार

३५. आर्थिक वर्ष २०७८/७९ को पहिलो दुई महिनाको कुल सेवा आय अघिल्लो वर्षको सोही अवधिको संशोधित सेवा आय रु. २७ अर्ब १ करोडको तुलनामा ५१.७ प्रतिशतले कमी आई रु. १३ अर्ब ५ करोड रहेको छ। साथै यस अवधिमा अघिल्लो वर्षको सोही अवधिको संशोधित सेवा खर्च रू. ३२ अर्ब ८२ करोडमा ४३.६ प्रतिशतले कमी आई रू. १८ अर्ब ५० करोड रहेको छ।

३६. आर्थिक वर्ष २०७८ को पहिलो दुई महिनामा खुद सेवा आय रू. ५ अर्ब ४५ करोडले घाटामा छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रू. ५ अर्ब ८० करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३७. आर्थिक वर्ष २०७८/७९ को भदौ महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. १ खर्ब ६५ अर्ब ७७ करोडको तुलनामा ६.३ प्रतिशतले कमी आई रु. १ खर्ब ५५ अर्ब ३७ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह ८.१ प्रतिशतले वृद्धि भएको थियो।

३८. चालु आर्थिक वर्षको भदौ महिनासम्म वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई ३८ हजार ४ सय ९२ पुगेको छ।गत आर्थिक वर्षको सोही अवधिमा ३ सय ३८ कामदारले मात्र अन्तिम श्रम स्वीकृति लिएका थिए।यस अवधिमा पुनःश्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा समेत उल्लेख्य वृद्धि भई २२ हजार ९ सय ७६ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

३९. आर्थिक वर्ष २०७८/७९ को भदौ महिनासम्ममा शोधनान्तर स्थिति रु. ८३ अर्ब ४१ करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ६७ अर्ब ६३ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु. १ खर्ब ६ अर्ब ७५ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू. २५ अर्ब १६ करोडले बचतमा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४०. आर्थिक वर्ष २०७८/७९ को भदौ महिनासम्म विदेशी विनिमय सञ्चितिमा अघिल्लो वर्षको सोही अवधिको रू. १४ खर्ब ३३ अर्ब ६७ करोडको तुलनामा ८.८ प्रतिशतले संकुचन आई रू १३ खर्ब ६ अर्ब ९५ करोड कायम भएको छ।

४१. आर्थिक वर्ष २०७८/७९ को पहिलो दुई महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.६ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

### विनिमय दर


४२. २०७८ असार मसान्तको तुलनामा २०७८ भदौ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.५ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. ११७.२९ पुगेको छ। २०७८ असार मसान्तमा उक्त विनिमय दर रु. ११९.०४ रहेको थियो ।

### अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४३. आर्थिक वर्ष २०७७/७८ को पहिलो दुई महिनासम्म दर्ता भएका कम्पनीको संख्या ४१०० रहेकोमा चालु आर्थिक वर्षको भदौ मसान्तमा यस्तो सङ्ख्या ८०.५ प्रतिशतले वृद्धि भई ७४०२ पुगेको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको कम्पनी दर्ताको प्रवृत्ति (संख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

### पर्यटक आगमन

४४. सन् २०२१ को जनवरी देखि सेप्टेम्बर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या ६५.४ प्रतिशतले कमी आई ७६ हजार ८ सय ६४ रहेको छ। अघिल्लो वर्षमा यस्तो सङ्ख्या २ लाख २१ हजार ८ सय ६२ रहेको थियो। यस अवधिमा कुल पर्यटक आगमनमा कमी आएको देखिए तापनि अप्रिल देखि यताका महिनामा गत आर्थिक वर्षको तुलनामा पर्यटक आगमनमा वृद्धि हुने क्रम देखिएको छ।

४५. सन् २०२१ को सेप्टेम्बर महिनासम्म पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा १७७.२ प्रतिशतले वृद्धि भई रू २ अर्ब ७१ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो आय ९०.४ प्रतिशतले कमी आई रू ९८ करोड प्राप्त भएको थियो।

## नीतिगत तथा कानूनी विषय र राय परामर्श

४६. नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिबाट आर्थिक अध्यादेश, २०७८, विनियोजन अध्यादेश, २०७८ र राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ समेतका अर्थ सम्बन्धी अध्यादेशहरु जारी भएकोमा उल्लिखित अध्यादेशहरु संघीय-संसदबाट स्वीकृत भई प्रतिनिधिसभा नियमावली, २०७५ को नियम ९८ बमोजिम ती अध्यादेशलाई प्रतिस्थापन गर्न आर्थिक विधेयक, २०७८, विनियोजन विधेयक, २०७८ र राष्ट्र ऋण उठाउने विधेयक, २०७८ संघीय संसदको बैठकमा पेश गर्न मिति २०७८।०५।२५ मा संघीय-संसदमा दर्ता गरिएको ।

४७. संघीय संसद्मा प्रस्तुत भएको आर्थिक विधेयक, २०७८, विनियोजन विधेयक, २०७८ ले व्यवस्था गरेका भन्सार महसुल, अन्तःशुल्क तथा अन्य कर समेत कार्यान्वयनका लागि सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बमोजिम सूचित आदेश सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशनको लागि मुद्रण विभागमा पठाइएको।

४८. २०७८ भदौ २० मा राज्यका विभिन्न पदाधिकारीको तलबमान सम्बन्धी सूचना नेपाल राजपत्रमा सूचना प्रकाशनको लागि मुद्रण विभागमा पठाइएको।

४९. धितोपत्र बोर्डका अध्यक्ष भिष्मराज ढुङ्गानाले धितोपत्रको भित्री कारोबार तथा धितोपत्र व्यवसाय गरी बोर्डलाई हानि नोक्सानी पुर्याई बोर्डको हित तथा पुँजी बजारको विकास विपरीत हुने गरी काम गरेको सम्बन्धमा जाँचबुझ गर्न ३ सदस्य समिति गठन भएको।

५०. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली,२०६८ (तेस्रो संशोधन) को अनुसुची -६ (विनियम २३ सँग सम्बन्धित) आवश्यक न्यूनतम शैक्षिक योग्यता संशोधन सम्बन्धमा लोकसेवा आयोगबाट परामर्श प्राप्त भए अनुसार संशोधन गर्न सहमति प्रदान गरिएको।

## अन्य गतिविधिहरू

५१. २०७८ भदौ १ गते अर्थमन्त्रालयले छैठौं भन्सार सुधार तथा आधुनिकीकरण योजना सार्वजनिक गरेको छ। व्यापार सहजीकरण, राजश्व संकलन, स्वचालित भन्सार प्रणाली र संगठनात्मक विकास तथा क्षमता अभिवृद्धिलाई योजनाका उपलब्धिको रुपमा राखिएको छ।

५२. २०७८ भदौ ३ गते कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले विहीबार काठमाडौंमा आयोजना गरेको 'कर्णाली प्रदेशमा प्रत्येक घर स्वरोजगार कार्यक्रम' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री जनार्दन शर्माले बहुआयामिक गरिबीको दर सबभन्दा धेरै रहेको कर्णाली प्रदेशको विकास विना समग्र राष्ट्रको गरिबी अन्त्य नहुने भएकोले बैंक तथा वित्तीय संस्थाहरुलाई कर्णाली प्रदेशमा लगानी बढाउन अनुरोध गर्नुभयो।

५३. २०७८ भदौ ४ गते व्यवस्थापिका संसदको अर्थ समितिको बैठकमा माननीय अर्थमन्त्री जनार्दन शर्माले नियामक निकायका प्रमुखहरुले इन्साइडर ट्रेडिङ गरेको सम्बन्धमा जानकारी गराउनु भयो। उहाँले पूँजी बजारमा नियामक संस्थाकै अधिकारीहरूले आफ्नो परिवार भित्रै सेयर खरिद बिक्रीका ठुलाठुला कारोबार भएका विषय, दिनानुदिन पूँजीबजार बढ्दै गएको समयमा लगानीको संरक्षण गर्ने र जनताको हितको संरक्षण गर्ने विषय, अस्वभाविक मूल्य वृद्धिको विषय तथा पूँजीबजार सम्वद्ध प्रविधिलाई परिष्कृत गर्ने विषयमा आफ्नो धारणा राखु भयो।

५४. २०७८ भदौ २० गते अर्थ मन्त्रालयमा आयोजित छलफलमा माननीय अर्थमन्त्री जनार्दन शर्माले दोहोरोपना देखिएका तालिम कार्यक्रमहरुलाई एकीकृत रुपले सञ्चालन गर्ने गरी नीतिगत तयारी गर्न निर्देशन दिनुभयो ।

५५. २०७८ भदौ २३ गते अर्थमन्त्री जनार्दन शर्माले लगानी बोर्ड नेपाल स्थापनाको १० बर्ष पुगेको अवसरमा सिंहदरबारमा आयोजित समारोहलाई सम्बोधन गर्दै सार्वजनिक निजी सहभागितामा स्थानीय जनतालाई समेत सहभागि गराउनुपर्ने बताउनुभयो। उहाँले नेपालमा उपलब्ध तुलनात्मक रुपमा सस्तो श्रम शक्ति र अथाह प्राकृतिक स्रोत साधन नै मुख्य पुँजी भएकाले त्यसको परिचालनमार्फत विकास र समृद्धिको यात्रालाई गति दिन लगानी बोर्डले उत्प्रेरकको रुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

५६. २०७८ भदौ २५ गते माननीय अर्थमन्त्री जनार्दन शर्माद्वारा अर्थसम्बन्धी अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयक आर्थिक वर्ष २०७८/७९ सङ्घीय संसदमा प्रस्तुत गर्नुभयो।

५७. २०७८ भदौ २७ गते भन्सार विभागले आयोजना गरेको दुई दिने भन्सार व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्दै अर्थमन्त्री जनार्दन शर्माले भन्सार विन्दुमा आउजाउ गर्ने सवारी साधनमा लोड भएका मालवस्तु म्यानुअल्ली चेकजाँच गर्नु नपर्ने गरी भन्सार विन्दुहरुमा भेइकल स्क्यानर जडानको प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिनुभयो। उहाँले मालवस्तुको वर्गिकरण र मूल्याङ्कनमा इमान्दारिता कायम गरी राजश्व संकलन वृद्धि गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो।

५८. २०७८ भदौ २९ गते अर्थमन्त्री जनार्दन शर्माले आन्तरिक राजश्व विभागको दुई दिने व्यवस्थापन गोष्ठीको उद्घाटन गर्दै प्रतिस्थापन विधेयकमार्फत स्वदेशी उद्योगधन्दालाई प्रोत्साहन हुनेगरी गरिएका नीतिगत व्यवस्थाहरु परिवर्तन नहुने अडान व्यक्त गर्नुभयो।